त्रिभुवन विश्वविद्यालय
रजिष्ट्रारको कार्यालय
सूचना तथा जनसम्पर्क महाशाखा

काठमाडौं, नेपाल ।
फोन : ०१-४३३०३४६

प.सं.सू.ज.म.शा. च.नं. :

मिति : २०७७।०४।०९

# सूचना ।

नेपाल सरकारले २०७७ साउन ६ गते मध्यरातदेखि लकडाउन अन्त्य गर्ने निर्णय गरेकोले विद्यार्थीहरुको नियमित पठनपाठन, पुस्तकालय सञ्चालन लगायत नेपाल सरकारले निषेध गरेका कार्यहरु बाहेक अन्य सबै कार्यहरु सञ्चालन गर्ने गरी त्रिभुवन विश्वविद्यालयका सबै क्याम्पसहरु नेपाल सरकारले जारी गरेको स्वास्थ्य सुरक्षा निर्देशिकालाई अवलम्बन गर्दै २०७७ साउन ७ गतेदेखि सुचारु हुने सूचना प्रकाशित गरिएकोमा कतिपय शिक्षकहरु आफ्नो क्याम्पस क्षेत्र बाहिर रहेको र लामो दुरीको सार्वजनिक यातायात नचलेका कारणले आफ्नो क्याम्पसमा उपस्थित हुन नसक्ने अवस्था देखिएको हुनाले लामो दुरीका सार्वजनिक यातायात सुचारु हुन थालेको ७ दिनसम्म त्रिभुवन विश्वविद्यालयको नजिकैको आंगिक क्याम्पसमा नियमित उपस्थित हुन सक्ने व्यवस्था गरिएको छ । यसरी उपस्थित हुने शिक्षकहरुले विद्युतीय माध्यमबाट आफ्नो क्याम्पसमा जानकारी गराउनु पर्नेछ । लामो दुरीको सार्वजनिक यातायात सुचारु भएपछि ७ दिनभित्र हाजिरी प्रमाणित गराई आ-आफ्नो क्याम्पसमा बुझाउन ल्याएपछि सम्बन्धित शिक्षकको नियमित हाजिरी कायम गरिने निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सूर्यप्रसाद अधिकारी
प्रमुख

Email: info@tribhuvan-university.edu.np, Email: tuinformation@yahoo.com
Website: www.tu.edu.np